# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः९१ | निर्णय मितिः२०८१/११/२८ |
|---|---|

**निर्णय नः १००**

**आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको सिफारिस गर्ने सम्बन्धमा।**

१. माथि उल्लेखित विषयका सम्बन्धमा आज मिति २०८१/११/२८ गतेका दिन आयोगका माननीय अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ मिति २०८१/११/२५ मा आयोगका मा.अध्यक्षको संयोजकत्वमा बसेको पदाधिकारी बैठकले प्रदेश सरकारहरुको न्यूनतम वित्तीय समानीकरण अनुदानको हिस्सा, स्थानीय सरकारहरुले प्राप्त गर्ने न्यूनतम तथा सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको जोडको न्यूनतम सीमा, कार्यसम्पादनमा आधारित अनुदानको हिस्सा लगायतका विषयमा गरेको निर्णयलाई स्वीकृत गर्ने।

१.२ आर्थिक वर्ष २०८२/८३ को लागि नेपाल सरकारबाट प्रदेश सरकारहरूमा हस्तान्तरणका लागि विनियोजित कुल वित्तीय समानीकरण अनुदानको सीमा रु.६० अर्ब ६६ करोडको २५ प्रतिशतले हुने रकम रु.१५ अर्ब १६ करोड ५० लाखलाई आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारहरुले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने।

१.३ नेपाल सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको सीमा रु.८८ अर्ब ९६ करोड ८० लाखको ३४.६५ प्रतिशतले हुने रकम रु.३० अर्ब ८३ करोडलाई आयोगले निर्धारण गरेको जनसङ्ख्या र भूगोलको आधार र ढाँचा बमोजिम स्थानीय सरकारहरुले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने।

१.४ आर्थिक वर्ष २०८२/८३ को लागि आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने।

१.५ माथिको निर्णय नम्बर १.३ र १.४ बमोजिम स्थानीय सरकारहरुले प्राप्त गर्ने न्यूनतम र सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको परिमाण गणना गर्दा २१ स्थानीय सरकारहरुले न्यूनतम र सुत्रमा आधारित अनुदानबाट रु.६ करोड ५० लाख भन्दा कम रकम पाउने देखिएको हुँदा त्यस्तो रकमले स्थानीय सरकारहरुको संविधान प्रदत्त कार्यजिम्मेवारी न्यूनतम रूपमा पुरा गर्न पर्याप्त नहुने आयोगले ठहर गरी प्रत्येक स्थानीय सरकारले न्यूनतम र सुत्रमा आधारित अनुदान गरी कम्तिमा रु.६ करोड ५० लाख प्राप्त हुने गरी स्थानीय सरकारहरुको आन्तरिक राजस्वको अवस्था समेतको आधारमा महानगरपालिकाहरुको सुत्रमा आधारित अनुदान रकममा करिब ५.३८ प्रतिशतले कट्टा गरी उक्त रकम २१ वटा स्थानीय सरकारहरुको अनुदानमा थप गरी निर्धारण गर्ने।

१.६ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारहरुलाई प्रदान गरिने कुल वित्तीय समानीकरण अनुदानको ४ प्रतिशतले हुने रकम क्रमशः रु.२ अर्ब ४२ करोड ६४ लाख र रु.३ अर्ब ५५ करोड ९६ लाखलाई आयोगको प्रदेश तथा स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिमको कार्यसम्पादन मूल्याङ्कनको आयोगबाट स्वीकृत अन्तिम नतिजाका आधारमा गणना गरी कार्यसम्पादनमा आधारित अनुदानको परिमाण निर्धारण गर्ने।

१.७ आर्थिक वर्ष २०८२/८३ का लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण संलग्न स्वीकृत ढाँचामा नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत नेपाल सरकारमा लेखी पठाउने।

## निर्णय नः १०१

**आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरुलाई प्रदान गरिने सशर्त अनुदानको आधार नेपाल सरकारलाई सिफारिस गर्ने सम्बन्धमा।**

१. माथि उल्लिखित विषयका सम्बन्धमा आज मिति २०८१/११/२८ गतेका दिन यस आयोगका माननीय अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ नेपालको संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश सरकार तथा स्थानीय सरकारहरुलाई प्रदान गर्ने सशर्त अनुदानका सम्बन्धमा देहायका आधारहरू तोक्ने र सो बमोजिमको संलग्न सिफारिस स्वीकृत गर्ने।

**क. नेपाल सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः**

नेपालको संविधानको अनुसूची-५ बमोजिम नेपाल सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दीगो हुने देखिएमा त्यस्तो आयोजना तथा कार्यक्रमका लागि आवश्यक सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

**ख. राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः**

नेपाल सरकारले जारी गरेको सङ्घीय सरकारको कार्यक्षेत्र भित्रको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः नेपाल सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रमलाई प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

**ग. प्रदेश तथा स्थानीय सरकारमा राष्ट्रिय मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः**

नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारबाट तय भएका न्यूनतम राष्ट्रिय मानकलाई प्रदेश वा स्थानीय सरकारमा उपलब्ध अन्य वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अवस्था विश्लेषणबाट देखिन आएमा त्यस्ता राष्ट्रिय मानकको सम्बन्धित तहमा कार्यान्वयन गराउन आवश्यक रकम सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउन सक्ने।

**घ. अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः**

नेपालको राष्ट्रिय हित प्रवर्द्धन हुने गरी राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा लगानी वा खर्च गर्न सरकार र अन्तर्राष्ट्रिय विकास साझेदार/दातृ निकाय वा मुलुकसँग भएको सम्झौताबमोजिम प्राप्त हुने वैदेशिक सहायताबाट सञ्चालन हुने कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी, मितव्ययी र दिगो हुने अध्ययनबाट देखिएको कारणले प्रदेश वा स्थानीय सरकारसमेतबाट कार्यान्वयन गर्ने गरी सम्झौता भएको अवस्थामा त्यस्तो आयोजना वा कार्यक्रमका लागि उपलब्ध वित्तीय स्रोत सशर्त अनुदानको रूपमा प्रदेश वा स्थानीय सरकारलाई उपलब्ध गराउन सक्ने।

**ङ. सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः**

अध्ययन, अनुसन्धान र विश्लेषणबाट कुनै प्रदेश वा स्थानीय सरकार आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय औषत स्तरभन्दा सारभूत रूपमा पछाडि रहेको पाइएमा त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गरी तोकिएको लक्ष्य प्राप्त गर्ने खालका रणनीतिक महत्वका आयोजना वा कार्यक्रम त्यस्तो तहबाट सञ्चालन गर्न उपयुक्त देखिएमा लक्ष्य र नतिजा सूचक समेत किटान गरी सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

**च.** नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय नीति, मानक वा मापदण्ड अनुसारका उच्च प्राथमिकतामा परेका र दीर्घकालीन लाभ सहितको फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाहरुको कार्यान्वयनमा जोड दिनुपर्ने तर प्रदेश तथा स्थानीय सरकारको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना टुक्रे आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध नगराउने नीति लिने।

**छ.** नेपालको संविधानको अनुसूची-६ (प्रदेशको अधिकारको सूची) र अनुसूची - ८ (स्थानीय सरकारको अधिकारको सूची) का विषयहरू राष्ट्रिय नीति तथा कार्यक्रम र मानदण्डभित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको कुनै अध्ययन विश्लेषणबाट देखिएको खण्डमा अन्तरिम वा अल्पकालीन रुपमा निश्चित अवधि वा सीमा तोकेर निश्चित पटकका लागि मात्र त्यस्ता कार्यजिम्मेवारी पूरा गर्नका लागि सशर्त अनुदान प्रदान गर्न सकिने।

**ज.** समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयहरूबाट तर्जुमा/छनौट गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सशर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रुपमा प्रदान गर्ने ।

**झ.** गरिवी घटाउने, खाद्यान्न उत्पादन बढाउने, कुपोषण घटाउने, मातृ तथा बाल मृत्यू दर घटाउने, माध्यमिक तहमा विद्यार्थी भर्नादर बढाउने, लैंगिक असमता घटाउने, खानेपानीको पहुँच बढाउने, उर्जाको खपत बढाउने, सडक घनत्व बढाउने, बेरोजगारी दर घटाउने र सुरक्षित आवासमा बस्ने नागरीकको संख्या बढाउने जस्ता प्रतिवद्धताहरु पूरा गर्न आवश्यक आयोजना तथा कार्यक्रमहरु सञ्चालनका लागि त्यस्ता क्षेत्रगत लक्ष्यमा राष्ट्रिय औसत भन्दा कमजोर रहेका प्रदेश तथा स्थानीय तहलाई प्राथमिकता दिई शसर्त अनुदान उपलब्ध गराउने।

**ञ.** आर्थिक दायीत्व सृजना भएको बहुवर्षीय ठेक्का सम्झौता भएका, निर्माण सम्पन्न नहुँदै हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्ने गरी सशर्त अनुदान उपलब्ध गराउने।

**ट.** अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति भए पछि नेपालको नीजि क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्षम बनाउन तुलनात्मक लाभ भएका बस्तुहरुको उत्पादन गर्न उत्पादित बस्तुको बजारीकरण गर्न र अन्तर्राष्ट्रिय व्यापारका लागि प्रदेश तहमा आवश्यक पूर्वाधार निर्माण गर्न शसर्त अनुदान उपलब्ध गराउने।

**ठ.** नेपालको संविधानको अनुसूची ७ (संघ र प्रदेशको साझा अधिकार) र अनुसूची ९ (संघ,प्रदेश र स्थानीय तहको साझा अधिकार)को कार्यान्वयन प्रदेश तथा स्थानीय तहबाट गर्दा बढी प्रभावकारी हुने देखिएका बिषय क्षेत्रहरुमा शसर्त अनुदान उपलब्ध गराउने।

**१.२** माथि निर्णय १.१ मा स्वीकृत गरिएको आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरुलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्बन्धी संलग्न सिफारिस अर्थ मन्त्रालय मार्फत नेपाल सरकारमा लेखि पठाउने।